# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र

अंक १०

## पृष्ठभूमि

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) सन् २००३ देखि नेपालमा सार्वजनिक शिक्षाको सुदृढीकरण मार्फत सबै बालबालिकाहरूको निःशुल्क तथा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि वकालत तथा पैरवी गर्दै आइरहेको छ । समय सान्दर्भिक अभियान तथा जनपरिचालन जस्ता क्रियाकलाप गर्दै आइरहेको एनसिई नेपालले महामारी तथा प्रकोपको समयमा समेत विना कुनै बहाना शिक्षा अधिकारको सुनिश्चितताको लागि हाल सङ्घ, प्रदेश तथा स्थानीय सरकारसँग विभिन्न छलफल, बहस पैरवी तथा अनुसन्धानमूलक कार्यहरू गर्दै आइरहेको छ ।

कोभिड-१९ महामारीको अवस्थामा समेत शिक्षा र सिकाइ अधिकारको सुनिश्चितताको लागि एनसिई नेपालले विभिन्न अभियानमूलक कार्यहरू गर्दै आइरहेको छ । आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेटमा शिक्षालाई प्राथमिकताको विषयमा राखी पर्याप्त लगानी सुनिश्चितताको लागि एनसिई नेपालले सङ्घ, प्रदेश र स्थानीयस्तरमा सार्वजनिक शिक्षाको लागि शिक्षकहरूको भूमिका, कोभिड महामारी र नयाँ शैक्षिक सत्र जस्ता विषयवस्तुमा विभिन्न छलफल, अन्तरक्रिया तथा रेडियो संवाद कार्यक्रम आयोजना सम्पन्न गरेको छ ।

## शिक्षामा लगानी र महामारीमा शिक्षा अधिकारको सुनिश्चितता

कोभिड-१९ महामारीको समयमा सार्वजनिक शिक्षाको माध्यमबाट शिक्षा अधिकार सुनिश्चितताको निमित्त शिक्षामा पर्याप्त लगानी हुनु पर्दछ । सङ्घ, प्रदेश र स्थानीय सरकारले उनीहरूको योजना, कार्यक्रम र बजेटमा शिक्षालाई प्राथमिकतामा राखी सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता बमोजिम शिक्षामा लगानी गर्नु पर्दछ । यसै सन्दर्भमा प्रदेश सरकार र स्थानीय सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति कार्यक्रम र बजेटमा सार्वजनिक शिक्षाको लागि प्राथमिकता र पर्याप्त लगानीको लागि तत् सरकारहरूसँग वकालत तथा पैरवी गर्ने उद्देश्यले एनसिई नेपालले प्रदेश र स्थानीय सरकारहरूसँग छलफल, अन्तरक्रिया तथा भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गरेको छ ।

## प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेटमा शिक्षा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

प्रदेश सरकारको आ.व. २०७८/७९ को बजेटमा सार्वजनिक शिक्षामा पर्याप्त बजेट तथा लगानीको लागि प्रदेश सरकारसँग पैरवी तथा वकालत गर्ने उद्देश्यले एनसिई नेपालद्वारा प्रदेश सरकारको आ.व. २०७८/७९ को बजेटमा शिक्षा भन्ने विषयमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।



*कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका मन्त्री माननीय यज्ञ वहादुर वुढा क्षेत्री आफ्नो भनाइ राख्दै*

कार्यक्रममा सामाजिक विकास मन्त्री, सामाजिक विकास मन्त्रालयका सचिव, नागरिक समाज, पत्रकार, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री यज्ञ बहादुर बुढा क्षेत्रीले सार्वजनिक शिक्षाको विकासको लागि पहाडी क्षेत्रका जिल्लाहरूमा आवासीय विद्यालयको व्यवस्था र भौतिक पूर्वाधार निर्माणमा जोड दिइरहेको बताउनु भएको थियो । साथै उहाँले एक पालिका एक नमुना विद्यालय, छोरी बुहारी शिक्षा, अपाङ्ग, दलित तथा अन्य वर्गहरूका लागि विशेष कार्यक्रम, व्यवसायिक शिक्षा तथा सिपमूलक तालिम केन्द्रको विकास तथा सुधार जस्ता कार्यक्रमलाई आगामी बजेटबाट सम्बोधन गर्ने प्रतिबद्धता जनाउनु भयो ।



सुदूर पश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयका मन्त्री माननीय लाल बहादुर खड्का आफ्नो भनाइ राख्दै

कार्यक्रममा सुदूर पश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय लाल बहादुर खड्काले सार्वजनिक शिक्षाको सुधारका निमित्त स्थानीय सरकारसँगको साझेदारीलाई बढाउँदै व्यवस्थित ढङ्ले अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले व्यवसायिक तथा प्राविधिक शिक्षा मार्फत रोजगारीको व्यवस्थापन, शिक्षामा प्रविधिको विकास र पहुँच, अनलाइन सिकाइको व्यवस्थापन, एक विद्यालय एक नर्स जस्ता योजनालाई प्राथमिकता दिँदै बजेटको निर्माण गर्ने बताउनु भएको थियो ।



लुम्बिनी प्रदेशका शिक्षा तथा सामाजिक विकास मन्त्रालयका सचिव श्री महादेव पन्थी आफ्नो भनाइ राख्दै

साथै प्रदेश २, गण्डकी र लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्रालयका सचिवहरू श्री इम नारायण श्रेष्ठ, श्री विनोद कुँवर र श्री महादेव पन्थीले सार्वजनिक शिक्षा सबलीकरणका निमित्त विद्यार्थीहरूको सिकाइ प्रवर्धन, विद्यालयको पूर्वाधार अनुसार विद्यार्थी व्यवस्थापन, विद्यालय तथा समुदायमा जनचेतना कार्यक्रम, सबै बालबालिकालाई शिक्षण सिकाइ सामग्रीको पहुँच तथा प्राविधिक जनशक्ति उत्पादन जस्ता विषयहरू आ-आफ्ना मन्त्रालयहरूले कार्यक्रममा समेट्ने बताउनु भयो ।




गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव श्री विनोद कुँवर आफ्नो भनाइ राख्दै



प्रदेश २ का सामाजिक विकास मन्त्रालयका सचिव श्री इम नारायण श्रेष्ठ आफ्नो भनाइ राख्दै

# स्थानीय सरकारको बजेटमा शिक्षा

आर्थिक वर्ष २०७८/७९ को लागि स्थानीय सरकारको बजेटको तयारी तथा कार्यक्रम र योजनाका बारेमा स्थानीय जनप्रतिनिधिहरूसँग छलफल अन्तरक्रिया गर्ने उद्देश्यले एनसिई नेपालले स्थानीय सरकारको आ.व. २०७८/७९ को बजेटमा शिक्षा विषयक बहस कार्यक्रम सम्पन्न गरेको छ ।



पत्रकार कृष्ण मल्ल कार्यपत्र प्रस्तुत गर्दै

कार्यक्रममा नेपाल नगरपालिका सङ्घका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका प्रमुख श्री अशोक ब्यञ्जुले सार्वजनिक शिक्षालाई व्यावहारिक, जीवनोपयोगी र दक्ष जनशक्ति उत्पादन गर्ने किसिमको बनाउन स्थानीय निकायहरूले प्रयत्न गरिरहेको बताउनु भयो । साथै उहाँले संविधानको व्यवस्था अनुसार तीन तहका सरकारहरूले आ-आफ्नो काम गर्नुपर्ने र शैक्षिक



नेपाल नगरपालिका सङ्घका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका प्रमुख श्री अशोक ब्यञ्जु आफ्नो भनाइ राख्दै

सुधारका निमित्त शिक्षक दरबन्दी मिलान, मातृभाषामा आधारित पाठ्यक्रम र विषयगत शिक्षकको व्यवस्थापन आवश्यक रहेको बताउनुभएको थियो । साथै उहाँले धुलिखेल नगरपालिका यस कार्यमा अगाडि बढिरहेको र पालिकाभित्र उच्च शिक्षासम्म नि:शुल्क शिक्षा प्रदान गरिएको जानकारी दिनुभएको थियो ।



हुप्सेकोट गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डे आफ्नो भनाइ राख्दै

साथै कार्यक्रममा हुप्सेकोट गाउँपालिका नवलपरासीका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेले यस आ.व.मा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर गाँउपालिकाले २० प्रतिशतको हाराहारीमा बजेट विनियोजन गरिने प्रतिबद्धता जनाउनु भएको थियो । उहाँले प्राविधिक र व्यवसायिक शिक्षा, दरबन्दी मिलान, आविष्कार केन्द्रको स्थापना, रेडियो शिक्षा कार्यक्रम जस्ता योजनालाई प्राथमिकता दिएर बजेट विनियोजन गर्ने र शिक्षामा समानता बढाउँदै गुणस्तरीय बनाउनेतिर हुप्सेकोट गाँउपालिका केन्द्रित रहेको पनि बताउनु भएको थियो ।

कार्यक्रमले शिक्षा क्षेत्रमा रहेको नीतिगत व्यवस्थामा सुधार गरिनुपर्ने, संविधानमा उल्लेख भए बमोजिम सङ्घीय सरकारले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहले पूरा गर्नुपर्ने र कोभिड-१९ महामारीको अवस्थामा वैकल्पिक माध्यमद्वारा हुने शिक्षण सिकाइ क्रियाकलापको व्यवस्थामा जोड दिएको थियो ।

# नयाँ शैक्षिक सत्र र विद्यालय भर्ना अभियानमा प्रदेश २ का स्थानीय सरकारहरूको तयारी




वीरगन्ज महानगरपालिका पर्साका नगर प्रमुख श्री विजय कुमार सरावगी आफ्नो भनाइ राख्दै

नेपाल सरकारले असार १ गतेबाटै नयाँ शैक्षिक सत्रको घोषणा गरेसँगै प्रदेश २ का स्थानीय तहहरूले गरेको तयारीको विषयमा छलफल गर्ने उद्देश्यले एनसिई नेपालले नयाँ शैक्षिक सत्र र विद्यालय भर्ना अभियानमा प्रदेश २ का स्थानीय सरकारहरूको तयारी विषयक छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा वीरगन्ज महानगरपालिका पर्साका नगर प्रमुख श्री विजय कुमार सरावगीले विद्यालय बन्द रहेका कारण भर्ना अभियान अवरूद्ध भएको र सङ्क्रमणको अवस्था हेरी विद्यालय खोल्ने वा बन्द गर्ने जिम्मा स्थानीय सरकारलाई नै दिइनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले महामारीको बिचमा बालबालिकाहरूको सिकाइ निरन्तरताको लागि वीरगन्ज महानगरपालिकाले थप विद्यालय निर्माण गर्ने काम अघि बढाइसकेको र आवश्यकताको आधारमा शिक्षक व्यस्थापन गर्न स्थानीय सरकारले तयारी गरिरहेको कुरा बताउनु भयो ।

त्यसैगरी कार्यक्रममा कर्जन्हा नगरपालिका सिराहाका उप-प्रमुख श्री ज्ञान कुमारी श्रेष्ठले विद्यार्थी भर्ना अभियानमा नगरपालिकाले काम अगाडि बढाएको तर कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन नभएकोले अन्योल सिर्जना भएको कुरा बताउनु भयो ।



कर्जन्हा नगरपालिका सिरहाका नगर उप-प्रमुख श्री ज्ञान कुमारी श्रेष्ठ आफ्नो भनाइ राख्दै

त्यसैगरी राजदेवी आधार भूत विद्यालय लाहान नगरपालिका-१८ सिराहाका प्रधानाध्यापक श्री उद्धव हमालले शिक्षकहरू विद्यार्थीको घरघरमा गई भर्ना अभियानमा जुटिरहेको तर पूर्ण रूपमा खोप उपलब्ध नभएसम्म शिक्षकहरू पूर्णरूपमा विद्यालय आउन असमर्थ रहेको कुरा बताउनु भयो ।



राजदेवी आधारभूत विद्यालय लाहानका प्रधानाध्यापक श्री उद्धव हमाल कार्यक्रममा आफ्नो विचार प्रस्तुत गर्दै

कार्यक्रममा सङ्क्रमणको जोखिम कम भएका स्थानीय तहहरूमा सुरक्षाका मापदण्ड अपनाएर विद्यालयमै पठनपाठन गर्ने व्यवस्था मिलाउन सकिने कुरामा सरोकारवालाहरूको ध्यानाकर्षण गराइएको थियो । यस्ता कार्यक्रमहरू स्थानीय स्तरमा एनसिई नेपालका जिल्ला समन्वय समितिहरूले समेत आयोजना गरेका थिए ।

# सामुदायिक विद्यालयका असल अभ्यास

नेपालमा विद्यालय जाने उमेर समूहका ८० प्रतिशत बालबालिकाहरूले सार्वजनिक विद्यालयमा अध्ययन गर्दछन । तर सार्वजनिक विद्यालयमा सरकारको लगानी र अभिभावकहरूको विश्वासमा भने कमी आइरहेको छ । तर पनि कतिपय सार्वजनिक विद्यालयहरूले महामारी तथा अन्य विषम् परिस्थितिमा समेत शिक्षा तथा सिकाइ निरन्तरताको निमित्त असल अभ्यासहरू समेत गरेका छन, जुन अन्य सार्वजनिक विद्यालयहरूको लागि उदाहरणीय हुन सक्छ । कोभिड-१९ महामारीमा समेत कतिपय सार्वजनिक विद्यालयहरूमा विद्यार्थीहरूको अत्यधिक चाप छ । अझ नीजि विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरू समेत सार्वजनिक विद्यालयहरूमा भर्ना भएका तथ्य बाहिर आएका छन । यसै सन्दर्भमा सार्वजनिक विद्यालयहरूमा भइरहेका असल अभ्यास र सुधारका क्षेत्रहरूको विषयमा सरोकारवालाहरूसँग छलफल तथा बहस सञ्चालन गर्ने उद्देश्यले एनसिई नेपालले “सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढ्नु र घट्नुका कारण” विषयक छलफल कार्यक्रम आयोजना गरेको छ ।



*एनसिई नेपालका पूर्व अध्यक्ष श्री राज कुमार गन्धर्भ कार्यक्रममा एक अध्ययन प्रस्तुत गर्दै*

कार्यक्रममा कालिका मानव ज्ञान माध्यमिक विद्यालय बुटवल रूपन्देहीका प्रधानाध्यापक श्री दिनेश थापा, पोखरीया मा.वि. विराटनगरका प्रधानाध्यापक श्री खेम राज भट्टराई, काठमाडौँको दरबार हाई-स्कुल स्थित भानु मा.वि. का प्रधानाध्यपक श्री अखिलेश आजाद, र पञ्चकन्या आधारभूत विद्यालय बालुवाटार काठमाडौँका प्रधानाध्यापक श्री विनिता रञ्जितले सार्वजनिक विद्यालयहरूले विद्यालयको सुधारका लागि चालेका कदमहरूको बारेमा बताउनु भएको थियो ।



*कालिका मानव ज्ञान माध्यमिक विद्यालय बुटवल रुपन्देहीका प्रधानाध्यपक श्री दिनेश थापा आफ्नो भनाइ राख्दै*

विद्यालय प्रशासनको सक्षमता, विषय शिक्षक र कक्षा शिक्षकद्वारा जिम्मेवारी बोध, अभिभावकसँग निरन्तर सम्पर्क र व्यवहारिक शिक्षामा जोड, प्रविधिमैत्री शिक्षा, अङ्ग्रेजी माध्यममा पठनपाठन र विद्यालयमा राजनीतिक बाहिरी अहस्तक्षेप, विद्यालयमा स्थानीयको सहयोग र सहभागिता, विद्यालयको शान्त सफा तथा पारिवारिक वातावरण, र दिवा खाजाको व्यवस्था जस्ता कारणहरूले सार्वजनिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या बढेको र अभिभावकहरूको विश्वासमा समेत वृद्धि भएको कुरामा छलफल भएको थियो ।

कार्यक्रममा एनसिई नेपालका पूर्व अध्यक्ष श्री राज कुमार गन्धर्वले नेपालमा गुणस्तरीय विद्यालय शिक्षाको अवस्था, त्यसका द्विविधा र सत्यताबारे एनसिई नेपालले २०२० मा गरेको अध्ययनको प्रस्तुति गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न जिल्लाका प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, सङ्घ संस्थाका प्रतिनिधि लगायत करिब ५० जनाको जुममा प्रत्यक्ष उपस्थिति रहेको थियो भने फेसबुक लाईभ मार्फत करिब ७० जना शिक्षा सरोकारवालाहरू जोडिनु भएको थियो ।



*पोखरिया मा.वि. मोरङ्ग विराटनगरका प्रधानाध्यापक श्री खेम राज भट्टराई आफ्नो भनाइ राख्दै*



*पञ्चकन्या आधारभुत विद्यालय बालुवाटार काठमाडौँका प्रधानाध्यापक श्री विनिता रञ्जित आफ्नो भनाइ राख्दै*



*भानु मा.वि. काठमाडौँका प्रधानाध्यपक श्री अखिलेश आजाद आफ्नो भनाइ राख्दै*

# स्थानीय सरकारको शिक्षा नीति, बजेट र कार्यक्रममा पैरवी


एनसिई नेपाल जिल्ला समन्वय समिति पाल्पा, झापा र बाराले स्थानीय सरकारहरूसँगको समन्वयमा स्थानीय तहको शिक्षा नीति, बजेट र कार्यक्रमहरूबारे सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रममा आ.व. २०७८/७९ को बजेटमा शिक्षामा बजेटको आकार बढाउन गरिएका नागरिक समाजहरूबाट भएका प्रयास र यसको अवस्था, शिक्षामा सङ्घ, प्रदेश र स्थानीय तहबाट उपलब्ध बजेटको अवस्था, स्थानीय सरकारको प्राथमिकता जस्ता विषयमा छलफल भएको थियो । कार्यक्रममा आगामी बजेटमा तथा योजनामा शिक्षा केन्द्रित कार्यक्रमहरू सहित शिक्षा क्षेत्रमा न्यूनतम २०% बजेट विनियोजन गर्नुपर्ने, विशेषगरी सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकालाई सुरक्षित सिकाइ वातावरण सिर्जना गर्नुपर्ने, डिजिटल सिकाइ प्रणालीमा सबै बालबालिकाको पहुँच सुनिश्चित हुनुपर्ने, विद्यालयमा स्वास्थ्य सेवा र दिवा खाजा, शिक्षकलाई खोप, विद्यार्थी मूल्याङ्कन विधिमा सुधार लगायत विभिन्न मुद्दाहरू स्थानीय सरकारको बजेटले सम्बोधन गर्नुपर्ने कुरामा जोड दिइएको थियो ।

## विद्यालयमा स्यानीटरी प्याडको व्यवस्थापन र स्थानीय स्रोतबाट स्यानीटरी प्याड बनाउने सम्बन्धी कार्यशाला

विद्यालयमा किशोरीहरूको महिनावारी स्वास्थ्य व्यवस्थापनबारे छलफल गर्ने उद्देश्यले एनसिई नेपाल पाल्पाले "विद्यालयमा स्यानीटरी प्याडको व्यवस्थापन र वितरण" विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम आयोजना भएको थियो । कार्यक्रममा



*सहभागीहरु स्यानीटरी प्याड बनाउँदै- एनसिई पर्सा*



*कार्यक्रममा सहभागी आफ्नो भनाइ राख्दै - एनसिई पाल्पा*

सहभागीहरूले विद्यालयमा छात्रा मैत्री शौचालय र स्यानीटरी प्याड उपलब्ध भएमा छात्राहरूको पढाइमा नियमितता हुने र सुरक्षित र स्वच्छ वातावरणको लागि प्रयोग गरिएको स्यानीटरी प्याडको उचित व्यवस्थापन बारे पनि सेचत हुनुपर्ने कुरा राखेका थिए ।


## गुणस्तरीय शिक्षाको लागि शिक्षकहरूको भूमिका विषयक छलफल कार्यक्रम



*विनय त्रिवेणी गाँउपालिका नवलपुरका अध्यक्ष श्री डम्बर बहादुर जि.सि. आफ्नो भनाइ राख्दै*

कोराना महामारीको बिचमा बालबालिकाको सिकाइ निरन्तरताको लागि शिक्षकहरूले खेल्नुपर्ने भूमिका, सार्वजनिक शिक्षा सबलीकरणमा शिक्षकहरूद्वारा भएका प्रयास तथा अहिलेको अवस्थामा शिक्षकहरूले सामना गर्नुपरेका चुनौतीबारे छलफल गर्ने उद्देश्यले एनसिई नेपाल नवलपुरले सरोकारवाला बिच छलफल कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा सहभागीहरूले शिक्षकहरू जुनसुकै तरिकाबाट पनि विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सक्रिय गराउन तयार रहनुपर्ने, स्थानीय तहद्वारा विद्यालयहरूको उचित मूल्याङ्कन र अनुगमन हुनुपर्ने, बालविकासमा लगानी बढाइनु पर्ने, शिक्षकको तलब समयमै निकासा हुनुपर्ने, सीमान्तकृत समुदायलाई सिकाइ प्रक्रियामा जोड्न विद्यालयद्वारा विशेष पहल गरिनुपर्ने जस्ता सुझाव प्रस्तुत गरेका थिए ।



*कायक्रममा सहभागी आफ्नो भनाइ राख्दै*

## बालबालिकामा बढिरहेको प्रविधिको दुरूपयोग र गुणस्तरीय सिकाइमा असर विषयक अन्तरक्रिया कार्यक्रम



*कार्यक्रममा सहभागीहरु छलफल गर्दै*

एनसिई नेपाल बाँकेद्वारा बालबालिकाको शिक्षा अधिकार तथा बालबालिकाद्वारा प्रविधिको दुरूपयोग बारे छलफल कार्यक्रम आयोजना भएको छ । कोभिड महामारीको अवस्थामा प्रविधिको प्रयोग बढेसँगै यसको दुरूपयोग पनि बढेको कार्यक्रममा छलफल भएको थियो ।

बालबालिकाहरूलाई प्रविधिको दुरूपयोगबाट रोक्न बालबालिका माथि अभिभावकको निगरानी आवश्यक भएको कुरामा सबै सहभगीहरूले जोड दिएका थिए ।

## कोभिड-१९ ले बालमनोविज्ञानमा पारेको मनोवैज्ञानिक प्रभाव बारे सरोकारवालासँग अन्तरक्रिया





*कार्यक्रमको झलक*

एनसिई जिल्ला समन्वय समिति लमजुङ्ग र रेडियो चौतारीको सहकार्यमा लमजुङ्गको बेसीसहर नगरपालिका स्थित कोभिड-१९ ले बालमनोविज्ञानमा पारेको प्रभाव बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।


कार्यक्रमले कोभिड-१९ ले बालबालिकामा देखिने मनोसामाजिक लक्षणहरू, यसले बालबालिका र महिलामा पारेको असर, विपद्को समयमा बालबालिकालाई दिनुपर्ने परामर्श, बालबालिकामा मनोसामाजिक समस्या आउन नदिन अभिभावकको भूमिका, बालबालिकालाई वैकल्पिक माध्यमबाट प्रदान गर्न सकिने सिकाइ लगायतका विषयमा सहभागीहरूलाई सचेतना वृद्धि गर्न सहयोग गरेको थियो ।

## शिक्षा र आजीवन सिकाइ विषयक अन्तरक्रिया कार्यक्रम



*कार्यक्रमको प्रस्तुतिको एक झलक - कैलाली*


एनसिई नेपाल, फाया नेपाल र पिसविनको संयुक्त आयोजनामा कैलाली जिल्लामा शिक्षा र आजीवन सिकाइ विषयक अन्तरक्रिया कार्यक्रम आयोजना भएको छ । त्यसैगरी एनसिई नवलपुरद्वारा आजीवन सिकाइ र दिगो विकास लक्ष्य ४ मा शिक्षकको भूमिका बारे अन्तरक्रिया कार्यक्रम आयोजना भएको छ । कार्यक्रममा शिक्षामा सबैको समान पहुँच स्थापित गनुपर्ने, गुणस्तरीय र आजीवन



*डा. सुमन कोमल तुलाधर आफ्नो भनाइ राख्दै- एनसिई नवलपुर*

शिक्षण सिकाइ सुदृढ गर्न स्थानीय सरकारको प्रभावकारी अनुगमन संयन्त्र हुनुपर्ने, शिक्षा रोजगारमूलक हुनुपर्ने र दिगो विकास लक्ष्य ४ हाँसिल गर्नको लागि शिक्षा नीतिको उचित कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिएको थियो ।

# शिक्षामा निजीकरण र अनुगमन



एनसिईं नेपालका बागमती प्रदेश संयोजक श्री प्रकाश खतिवडा कार्यक्रममा प्रस्तुति गर्दै

एनसिई जिल्ला समन्वय समिति मकवानपुरको समन्वयमा मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा शिक्षामा निजीकरण, यसको नियमन र अनुगमनबारे छलफल कार्यक्रम सञ्चालन गरिएको थियो ।




एनसिई नवलपुरद्वारा आयोजित कार्यक्रमको ब्यानर

त्यसैगरी एनसिई जिल्ला समन्वय समिति नवलपुरको समन्वयमा शिक्षामा निजीकरण र अनुगमन, वर्तमान शिक्षा र पालिकाको नीतिगत अवस्था विषयक संवाद कार्यक्रम सम्पन्न भएको छ ।

## प्रेस विज्ञप्ति

**नेपाल सरकारको आ.व. २०७८/०७९ को आय व्ययको विवरणमा शिक्षा सम्बन्धी व्यवस्था र लगानी बारे एनसिई नेपालको धारणा**

सो विज्ञप्ति निम्नानुसारको लिङ्कबाट हेर्न सकिन्छः

https://drive.google.com/drive/u/1/folders/1LP-WstgoN6kOaSQ2XlrkCJC86o0oCJS1

.............................................................................................................

**सिकाइ निरन्तरता र शिक्षामा पर्याप्त एवम् सुदृढ लगानीको सुनिश्चितताको लागि एनसिई नेपालको अपिल एंव आह्वान**

सो अपिल निम्नानुसारको लिङ्कबाट हेर्न सकिन्छः

https://drive.google.com/drive/u/1/folders/1e9cviBdzggg6Z_zLkiTfz7V1bTzbJ9Wd

## बहसमा शिक्षा - टेलिभिजन कार्यक्रम

शिक्षाका समसामयिक मुद्दामा बहस पैरवी गर्न तथा कोरोना महामारीले प्रभावित शिक्षा क्षेत्रको अवस्था सुधारका लागि सरोकारवालाहरूसँग विचार र अनुभव आदानप्रदानका साथै सार्वजनिक शिक्षामा जवाफदेहिता खोज्ने उद्देश्यका साथ एनसिई नेपाल र शिक्षा पत्रकार समूहको संयुक्त आयोजनामा "बहसमा शिक्षा" कार्यक्रम हिमालयन टेलिभिजनबाट हरेक बिहीबार राति ९ बजे प्रसारण हुँदै आएको छ ।

"बहसमा शिक्षा" कार्यक्रम एनसिई नेपालको युट्युव लिङ्क तथा फेसबुक पेजमा समेत हेर्न सकिन्छ ।

## रेडियो संवाद कार्यक्रम र रेडियो जिङ्गल




रेडियो कार्यक्रम - एनसिई धनुषा

कोरोना महामारीले शिक्षा क्षेत्रमा पारेको असर र यी असर न्यूनीकरण गर्नका लागि स्थानीय सरकार तथा विद्यालय लगायत अन्य सरोकारवालाको भूमिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षा पाउने अधिकारको सुनिश्चितता, शिक्षामा लगानी वृद्धि, नयाँ शैक्षिक सत्र तथा विद्यालय भर्ना कार्यक्रम, विद्यालयमा हुने लैङ्गिक हिंसा, शिक्षकलाई तालिमको आवश्यकता जस्ता विषयमा सचेतना, बहस तथा पैरवी गर्ने उद्देश्यले एनसिई नेपाल जिल्ला समन्वय समितिको सहकार्यमा पर्वत, पाल्पा, नवलपुर, कपिलवस्तु, दाङ, धनुषा, लमजुङ, दोलखा, सिन्धुपाल्चोक, बाजुरा, मकवानपुर, सिराहा, झापा र कास्की जिल्लामा स्थानीय रेडियो मार्फत रेडियो संवाद कार्यक्रम तथा सन्देशमूलक रेडियो जिङ्गल निरन्तर प्रसारण भइरहेको छ ।

# लेख प्रकाशन तथा सञ्चार माध्यममा एनसिई नेपाल


































https://chautarilive.com/news-details/3016/2021-06-25
https://chautarilive.com/news-details/2985/2021-06-20
https://www.dainiknepal.com/2021/05/505176.html?fbclid=IwAR1ca3GDFzEhg6U4I4k6DmaP3-VFouu0JSpMtKIJwNUi-eiKxpG0N6WDt9M
https://vijayafm.org.np/content/419/2021-05-30?fbclid=IwAR28moahtxOxchJ6IFk4hvRCRXG-xrnRdwvG0GapOG3HQlymt1oWyLII9kw
https://vijayafm.org.np/content/413/2021-05-30?fbclid=IwAR0jMYfhn4GEjI6OhjIjpUVRMhmUNpER2uoXr3OOXmfAdat42Q0M9FP3sv4
https://vijayafm.org.np/content/652/2021-06-21?fbclid=IwAR1HIryOE4cnFnIaka7ATdGoUmo7ZFZwsY09BQ3UtJ6-2g5iY4Uy93uxz3w
https://vijayafm.org.np/content/721/2021-06-28?fbclid=IwAR2GXWwaq2WWYaX6rDCX-b26NCQPB6pGHVbnd1FyUC2g2LUrBxnHluFUj7c
https://drive.google.com/drive/u/1/folders/1LP-WstgoN6kOaSQ2XlrkCJC86o0oCJS1
https://yatradaily.com/news/detail/42039/

# सामाजिक सञ्जालमा एनसिई नेपाल

एनसिई नेपालले यस अवधिमा आर्थिक वर्ष २०७८/२०७९ को कुल बजेटमा शिक्षाका प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्दै जानकारीमूलक पोष्ट तथा शिक्षामा लगानी सम्बन्धी भिडियो, अहिलेको अवस्थामा विद्यार्थी, अभिभावक र शिक्षकले भोगेका समस्या बारे भिडियो मार्फत फोटो प्रस्तुति, युवालाई बजेट, नयाँ शैक्षिक सत्र, विश्व बाल श्रम विरूद्धको दिवस र विश्व युवा दक्षता दिवसको अवसरमा सामाजिक सञ्जाल मार्फत पोष्ट सार्वजनिक गरेको छ ।
















शिक्षा सरोकारवालाको फोटो प्रस्तुति र शिक्षामा लगानी सम्बन्धी भिडियो निम्नानुसारको लिङ्क मार्फत हेर्न सकिन्छ:

https://www.facebook.com/nce.nepal.9/posts/1717626228440998
https://www.facebook.com/nce.nepal.9/posts/1710702649133356

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-५३२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np